त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
इन्जिनियरिङ्ग अध्ययन संस्थान
INSTITUTE OF ENGINEERING
पुल्चोक क्याम्पस
PULCHOWK CAMPUS

5-521260
5-521611
5-522104
5-522809

पुल्चोक, ललितपुर
Pulchowk, Lalitpur

मिति : २०८२/०२/०६

# स्नातकोत्तर (M.Sc.) तहमा रिक्त स्थानमा भर्नाका लागि पुनः आवेदन (चौथो तथा अन्तिम चरण) सम्बन्धी सूचना ।

शैक्षिक वर्ष २०८१/८२ मा यस क्याम्पसको स्नातकोत्तर (M. Sc.) तहका केही कार्यक्रमहरुमा भर्ना नभई तथा भर्ना रद्द भई निम्नानुसार स्थान रिक्त रहन गएको तथा भर्ना रद्द गरी थप स्थान रिक्त हुन गएमा ती सबै स्थानहरूमा भर्ना हुन चाहने आवेदकहरूको लागि पुनः आवेदन (चौथो तथा अन्तिम चरण) फाराम भर्न यो सूचना प्रकाशन चौथो गरिएको छ ।

- पुनः आवेदनका लागि २०८२ जेठ ०८ गते १०:०० बजेदेखि ३:०० बजेभित्र पुल्चोक क्याम्पसको Website pcampus.edu.np मा उपलब्ध Online आवेदन फाराम भरी बुझाउनु पर्नेछ । फाराम भर्दा प्रति विषय रू ५०० का दरले लाग्नेछ । कुनै विषयको नियमित (Regular) र पुर्णशुल्किय (Full Fee) दुवै कार्यक्रममा भर्ना हुन आवेदन दिएमा सोलाई दुइ विषय मानिनेछ ।
- आवेदकले आफुले राख्ने प्राथमिकता अनुसारको शुल्क सिद्धार्थ बैक लिमिटेड पाटन ढोका शाखामा रहेको यस क्याम्पसको खातामा पहिले नै जम्मा गरि Online आवेदन फाराम भर्नु पर्ने छ ।
- बैंक भाउचर भर्दा २०८१/११/२० मा प्रकाशित सुचनामा संलग्न नमूना अनुसार Deposited by मा आवेदकको पुरा नाम र साल बाहेकको IOE Entrance Exam को Roll No. प्रष्ट सँग लेख्नु पर्नेछ । जस्तैः कुनै आवेदकको IOE Entrance Exam को Roll No. २०८१- १६०२६ भएमा यसै सूचनामा संलग्न नमुना बैंक भाउचरमा जस्तै Roll No. लेख्दा १६०२६ मात्र लेख्नु पर्नेछ ।
- **इन्जिनियरिङ अध्ययन संस्थानद्वारा लिइएको स्नातकोत्तर (M. Sc.) तहको प्रवेश परीक्षा २०८१ मा सम्मिलित भई उत्तीर्ण भएकाहरु मध्येबाट निम्न बमोजिम आवेदकहरूले पुनः आवेदन दिन सक्नेछन् :**

क) यस क्याम्पसमा यस भन्दा पहिलेका भर्ना कार्यक्रमहरूमा फाराम भर्न छुट भएकाहरु ।
ख) यस क्याम्पसमा यस भन्दा पहिलेका भर्ना कार्यक्रमहरूमा फाराम भरी नाम प्रकाशित नभएकाहरु ।
ग) कुनै पनि सूचिमा नाम प्रकाशित भइ भर्ना हुन छुट भएकाहरू ।
घ) कक्षा सुरु भएको एक हप्ता सम्ममा भर्ना रद्द गरेकाहरू ।
ङ) कक्षा सुरु भइसकेको हुँदा, इ.अ.सं. का आङ्गिक क्याम्पसका कुनै पनि कार्यक्रममा भर्ना नभएकाहरू ।

त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
इन्जिनियरिङ्ग अध्ययन संस्थान
INSTITUTE OF ENGINEERING
पुल्चोक क्याम्पस
PULCHOWK CAMPUS

5-521260
5-521611
5-522104
5-522809

पुल्चोक, ललितपुर
Pulchowk, Lalitpur

| S.N | Programme | Vacant Seats | |
|---|---|---|---|
| | | Open | Female |
| 1. | Power Electronics and Drives Engineering Full Fee (12) | 1 | |
| 2. | Structural Engineering Full Fee (14) | 2 | |
| 3. | Geotechnical Engineering Full Fee (20) | 1 | |
| 4. | Hydropower Engineering Full Fee (28) | 4 | |
| 5. | Mechanical Engineering Full Fee (36) | 1 | |
| 6. | Climate Change and Development Full Fee (40) | 6 | |
| 7. | Architecture Full Fee (50) | 1 | |
| | **Total** | 16 | |

हाल सम्म उपरोक्त बमोजिम स्थान रिक्त भएतापनि सूची प्रकाशन पूर्व कुनै भर्ना रद्द भई थप स्थान रिक्त रहन गएमा सो रिक्त स्थान समेत संलग्न गरी सूची प्रकाशन गरिनेछ ।

- भर्ना भइसकेका आवेदकहरुले भर्ना रद्द गरेको खण्डमा निज भर्ना भएको कार्यक्रममा स्थान रिक्त हुन आउन सक्नेछ । तसर्थ आफूलाई इच्छा लागेका सबै कार्यक्रमहरुमा प्राथमिकता राख्न सूचित गरिन्छ ।
- यस क्याम्पस लगायत कुनै पनि आङ्गिक क्याम्पसमा भर्ना भइसकेका विद्यार्थीहरूले आवेदन दिन नपाउने भएता पनि यस क्याम्पसको कुनै कार्यक्रमको नियमित तर्फको रिक्त रहेको स्थानमा सोही कार्यक्रममा पूर्णशुल्किय तर्फ भर्ना भइसकेका विद्यार्थीहरूले भने आवेदन दिन पाउनेछन् । यसरी आवेदन दिने आवेदकहरूको सूची निकाल्ने क्रममा भर्ना भइसकेका पूर्णशुल्किय तर्फका विद्यार्थी निजको योग्यताक्रम तथा प्राथमिकताको आधारमा नियमित तर्फ स्थानान्तरण हुन सक्नेछन् । अत: आवेदन फाराममा प्राथमिकताक्रम राख्दा नियमित तर्फको रिक्त रहेको कार्यक्रमको हकमा त्यस कार्यक्रमको पुर्णशुल्किय तर्फ पनि राख्न सूचित गरिन्छ । यसरी पुर्णशुल्किय तर्फको विद्यार्थी नियमित तर्फ स्थानान्तरण भइ खालि हुन आएको पूर्णशुल्किय तर्फको स्थानमा भर्ना सूची अनुसारका आवेदक भर्ना भइसकेको खण्डमा मात्र यस अघि भर्ना भइसकेको विद्यार्थीलाई नियमित तर्फ स्थानान्तरण गरिनेछ । **तसर्थ: यस सिट सङ्ख्याको सूचिमा नियमित भए पनि त्यस कार्यक्रममा पुर्णशुल्किय तर्फ पनि प्राथमिकता राखि फारम भर्न हुन सूचित गरिन्छ ।**
- उपरोक्त आवेदकहरूले दिएको आवेदनको आधारमा प्रवेश परीक्षाको योग्यताक्रमानुसार निम्न भर्ना कार्यक्रम अनुसारका भर्ना सूची तथा वैकल्पिक सूची प्रकाशन गरिनेछ । भर्ना सुचीमा भएका आवेदकहरूले भर्ना नगरी स्थान रिक्त रहन गएमा वैकल्पिक सूची अनुसार क्रमश: भर्ना गरिनेछ ।

त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
इन्जिनियरिङ्ग अध्ययन संस्थान
INSTITUTE OF ENGINEERING
पुल्चोक क्याम्पस
PULCHOWK CAMPUS

5-521260
5-521611
5-522104
5-522809

पुल्चोक, ललितपुर
Pulchowk, Lalitpur

## स्नातकोत्तर (M.Sc) तहको पुनः आवेदन को भर्ना कार्यक्रम

| सि.नं. | कार्यक्रम | मिति र समय |
|---|---|---|
| १. | Online आवेदन फाराम भर्ने | २०८२/०२/०८ गते बिहान १०:०० बजेदेखि अपराह्न ३:०० बजेसम्म । |
| २. | अन्तिम भर्ना सूची तथा वैकल्पिक सुची प्रकाशन | २०८२/०२/०९ गते बिहान १०:०० बजे । |
| ३. | अन्तिम भर्ना सूची तथा वैकल्पिक सुची उपर दाबि विरोध | २०८२/०२/०९ गते बिहान ११:०० बजेदेखि अपराह्न ३:०० बजेसम्म । |
| ४. | संशोधित अन्तिम भर्ना सूची तथा वैकल्पिक सूची प्रकाशन | २०८२/०२/०९ गते साँझ ५:०० बजे । |
| ५. | अन्तिम सूचीको भर्ना | २०८२/०२/११ गते बिहान ११:०० बजे देखि अपराह्न ३:०० बजेसम्म । |
| ६. | वैकल्पिक सूचीको भर्ना | २०८२/०२/१२ गते बिहान १०:०० बजेदेखि मध्याह्न १२:०० बजेसम्म । |

**द्रस्टब्यः**

उपरोक्त कार्यक्रमहरूका दिन सार्वजनिक बिदा वा आकष्मिक बिदा परेमा समेत भर्ना समितिको कार्यालय खुला रहने तथा सम्पूर्ण भर्ना कार्यक्रमहरू यथावत रहने बेहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

**अध्यक्ष**
भर्ना समिति २०८१
पुल्चोक क्याम्पस